गुराँस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# कृषि विकास शाखा
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश ,नेपाल

पत्र संख्या:- २०७९/०८०
चलानी नं.- ६१६

## विषयः सूचना । सूचना ।। सूचना ।।।

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०९/०३

प्रस्तुत विषयमा गुराँस गाउपालिकाको आ.व. २०७९/०८० को बार्षिक स्वीकृत लक्ष्य अनुसार पालिका अन्तरगतका वडाहरुमा तपशिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले तपशिलबमोजिमको कागजात सहित सुचना प्रकाशन भएको मितिले १० दिन अर्थात २०७९/०९/१२ गते भित्र गाउपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचामा निवेदन पेश गर्नका लागि ईच्छुक कृषक/कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई यो सुचना आह्वान गरिएको छ ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | परल मुल्य रु. | कृषकको सहभागिता (रु) | कार्यालयको सहभागिता (रु) | कैफिएत |
|---|---|---|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा खायन आलु वीउ वितरण । | ७५/-(प्रति के.जि.), | ३७.५/-(प्रति के.जी.) | ३७.५/-(प्रति के.जी.) | माग अनुसार |
| २ | ५० प्रतिशत अनुदानमा आलुको पूर्व मुल वीउ (पि.वि.एस.) दान वितरण । | १९ प्रति दाना | ९.५ (प्रति दाना) | ९.५ प्रति दाना | माग अनुसार |
| ३ | ५० प्रतिशत अनुदानमा हिउदे फलफुल ओखर विरुवा वितरण। | ६००/- प्रति बोट | ३००/- (प्रति वोट) | ३००/-(प्रति वोट) | माग अनुसार |
| ४ | ५० प्रतिशत अनुदानमा कृषि सामाग्रीहरु वितरण । | कोटेशन अनुसार | ५० प्रतिशत | ५० प्रतिशत | माग अनुसार |

आवश्यक कागजात:-

१. प्रत्येक कार्यक्रमको लागि रु १० को टिकट सहित निवेदन ।
२. कृषक समुह/ सहकारी / फर्म सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र र कार्यक्रम मागको निर्णय प्रतिलिपी।
३. निवेदन साथ कृषक/समुह/सहकारीहरुले आवश्यक परिमाण सहित परल मुल्य ५० प्रतिशत सहभागीता रकम अनिबार्य रुपमा कृषि विकास शाखामा जम्मा गर्नु पर्ने छ ।
४. रु १००/ राजस्व गाउपालिकाको राजस्व शाखामा दाखिला गरी सक्कल भौचर निवेदन साथ संलग्न पेश गर्नुपर्नेछ ।

पुनश्चः म्याद नाघि आएका तथा ५० प्रतिशत रकम जम्मा नगरेका निवेदनहरुलाई अनुदान कार्यक्रममा सहभागी गराउन सकिने छैन ।

थप जानकारीका लागि कृषि विकास शाखाको मोबाईल नं ९८४८१३८६९५ र ९८६७९५८०२० मा सम्पर्क गरी कार्यक्रमका बारेमा जानकारी लिन सक्नुहुनेछ ।

बोधार्थ:
श्री सुचना प्रविधि शाखा, गाउँपालिकाको वेभसाईटमा अपलोड गरीदिनुहुन ।

(मदन प्रकाश मल्ल)
नि.प्रमुख प्रशासकिय अधिकृत

"सुख समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौ गुराँसको मुहार"

Email: gurans.rmp@gmail.com Web: guransmun.gov.np

Scanned with CamScanner